# बैदेशिक रोजगार न्यायाधिकरण

बबरमहल, काठमाण्डौ

मितिः २०७८।०६।११

प. सं : २०७८।०७९

च नं ६०६

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/११

यस न्यायाधिकरणको देहायको कार्य गोप्य शिलबन्दी दरभाउपत्रव्दारा गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नियमानुसार ईजाजत प्राप्त इच्छुक कम्पनी फर्म सप्लायर्स वा निर्माण व्यवसायीहरुले यस न्यायाधिकरणबाट उपलब्ध हुने दरभाउपत्र फारम भरि सोह्र दिन भित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यस न्यायाधिकरण परिषर भित्र रहेको सडकलाइ मर्मत सुधार कार्यको स्पेसिफिकेशन एवं बिस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

२. दरभाउपत्र फारम यस न्यायाधिकरणको लेखा शाखा बाट रु.१०००।- एक हजार मात्र (पछि फिर्ता नहुने गरी) बुझाई शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र खरिद गर्न पाईनेछ । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खुलेको दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट अन्तिम दिन वा खुल्ने दिन कायम हुनेछ । मिति २०७८/०६/२१ देखि २०७८/०७/०३ गतेसम्म विजय दशमिको सार्वजनिक विदा रहने छ ।

३.दरभाउपत्र पेश गर्दा व्यवसाय दर्ताको इजाजतपत्र मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर **(Pan)** आ.व. २०७७/२०७८ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरणको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्र दाताले यस शिलवन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझिएको र यस पेश वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।

५.पेश भएका दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गउने अन्तिम दिनको भोलिपल्टबाट ४५ दिनको हुनेछ ।

६.दरभाउपत्रवालाले धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको १२०१२००-००१-००२-५२४ धरौटी खातामा जम्मा गरी रकम जम्मा गर्ने पठाउनेको कार्यालयको नाम बैदेशिक रोजगार न्यायाधिकरण कार्यालय कोड ३७१००३५०२(२७-३७१-०९) उल्लेख गरेको, रकम जम्मा गर्नुको कारण वा विवरण र कम्पनी वा फर्मको नाम खोल्नुपर्ने छ । सक्कल भौचर वा सो रकम बरावरको वाणिज्य बैकले जारी गरेको बिडवण्ड जमानत अनिवार्य रुपले पेश गर्नुपर्ने छ । दरभाउपत्रमा बुझाउने अन्तिम दिनबाट ७५ दिनभन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको दरभाउपत्र स्वत: रद्द हुनेछ । दरभाउ स्विकृत भएमा

नि० रजिष्ट्रार


टेलिफोनः-०१-४२५२७३४, ०१-४२६०४१९, ०१-४२४८२९२, फ्याक्स नं.-०१-४२५३३३८
MAIL ID:- fet@supremecourt.gov.np / website-www.fet.gov.np

वोलकबोल रकमको ५% कार्य सम्पादन जमानत (नगद) दाखिला गरेको भौचर वा वैंक परफरमेन्स ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले सोह्रौ दिन ११:३० बजेसम्म बुझाई सक्नुपर्नेछ र प्राप्त दरभाउपत्रहरु सोही दिनको १:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस न्यायाधिकरणमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दरभाउपत्रहरु विना कारण आंशिक वा पुरा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा निहित रहने छ ।

८. रीत नपुगी म्याद नाघी वा कुनै सर्त राखी पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउत्र फारममा उल्लेख गरिएका दरभाउपत्रमा अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

९. यो सूचना यस वैदेशिक रोजगार न्यायाधिकरणको वेभसाईट **www.fet.gov.np** मा पनि हेर्न र थप जानकारी लिनु परेमा न्यायाधिकरणमा सम्पर्क गरी बुझ्न सकिनेछ । यसमा लेखिए जतिको हकमा यसै बमोजिम र यसभन्दा बाहेकको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

देहाय

| दरभाउ पत्र सूचना नं. | गर्नुपर्ने कामको बिवरण | लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) | न्युनतम जमानत रु. |
|---|---|---|---|
| १/२०७८/०८९ | न्यायाधिकरण परिषरको सडक मर्मत सुधार कार्य | ८,२२,९०९।५० | २५००० |

२०७८/०६/११

रजिष्ट्रार



टेलिफोनः-०१-४२५२७३४, ०१-४२६०४१९, ०१-४२४८२९२, फ्याक्स नं.-०१-४२५३३३८
MAIL ID:- fet@supremecourt.gov.np / website-www.fet.gov.np